त्रिभुवन विश्वविद्यालय
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

प.सं./च.नं.

**विषय : कृषि विज्ञान तर्फको आठौं सेमेष्टरको वैकल्पिक विधिबाट परीक्षा सञ्चालन पक्रिया सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०७७/०६/०७**

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोविड-१९) हाल देशभरी समुदाय स्तरमा फैलिन गएको र त्यसबाट उत्पन्न हुन सक्ने संभावित जोखिमलाई मध्यनजर गर्दै पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीहरुको स्वास्थ्यलाई ध्यानमा राखी हालको यस प्रतिकुल अवस्थामा भौतिक रुपमा उपस्थित भई परीक्षा सञ्चालन गर्न कठिन भएकोले यस अध्ययन संस्थानको मिति २०७७ भाद्र ३० गते बसेको विद्यापरिषद् स्थायी समितिको बैठकले वैकल्पिक विधिबाट निम्न अनुसारको पक्रियाद्धारा परीक्षा सञ्चालन गर्न प्राज्ञिक परिषद्मा स्वीकृतिको लागि सिफारिस गरेको र मिति २०७७ असोज ६ गते बसेको प्राज्ञिक परिषद्को बैठकले स्वीकृति प्रदान गरेको हुँदा सोही अनुसार स्नातक तहको Degree Passing Out Semester (कृषि विज्ञान तर्फको आठौं सेमेष्टर) परीक्षा सञ्चालन गर्न **अध्ययन संस्थान स्तरीय वैकल्पिक विधिबाट परीक्षा सञ्चालन तथा कार्यविधि निर्माण केन्द्रीय संयोजन समिति** गठन गरेको र **मिति २०७७/०६/१८** गतेबाट सैद्धान्तिक र **मिति २०७७/०६/२५** गतेबाट प्रयोगात्मक परीक्षा सञ्चालन गरिने हुँदा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ। परीक्षा सम्बन्धी विस्तृत जानकारी संयोजन समितिबाट पछि प्रकासन गरिनेछ।

- पुर्णाङ्कको २० प्रतिशत भार आन्तरिक मूल्यांकनलाई छुट्याएको छ।
- पुर्णाङ्कको ४० प्रतिशत भार सातौं सत्रान्तसम्मको कुल प्राप्ताङ्कबाट आउने Performance Factors लाई आधार बनाएको छ।
- पुर्णाङ्कको ४० प्रतिशत भार र Viva-Voce लाई आधार बनाएको छ। त्यसको लागि प्रत्येक परीक्षार्थीलाई सम्बन्धित विषयको दुई जना परीक्षकबाट मूल्यांकन गर्ने।
- २५ पुर्णाङ्कको प्रयोगात्मक परीक्षाको हकमा प्रयोगात्मक कक्षाका सम्बन्धित शिक्षकलाई नै आन्तरिक परीक्षक र सम्बन्धित विषयको बाह्य परीक्षकको व्यवस्था गरी अनलाइनको माध्यमबाट विगतमा झैं विद्यार्थीहरुको उपस्थिति, प्रयोगात्मक कक्षाको रेकर्ड र आन्तरिक एवं बाह्य परीक्षकहरुले Viva-Voce द्धारा मूल्यांकन गर्ने। सो कार्य यस अध्ययन संस्थानको परीक्षा नियन्त्रण महाशाखाको समन्वयमा सम्बन्धित क्याम्पसमा नै हुनेछ।

डा.किशोर चन्द्र दाहाल
संयोजक तथा सहायक डीन
अध्ययन संस्थान स्तरीय केन्द्रीय संयोजन समिति

**काठमाण्डौं :** फोन नं.:०९७७-०१-४३३०६०० **ई-मेल**:info@iaas.edu.np **Website:** www.iaas.edu.np